# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : प्रदेश नीति तथा योजना आयोग, कास्की , पोखरा महानगरपालिका , कास्की

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Pravin Dhakal | २०७८-९-१२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Hari Regmi | २०७८-७-१ | |
| लेखा प्रमुख | Megha Bahadur Basnet | २०७८-१-२६ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | ० |

बिनियोजन तर्फ :

| क्रम | बजेट उपशीर्षक | बार्षिक बजेट | खर्च/निकासा | पेस्की |
|---|---|---|---|---|
| १ | ३०१९११२० | ६९,५०,००० | २३,०७,१४४ | ० |
| २ | ३९१०००११ | ३,६२,३२,००० | २,३२,४२,१७६ | ० |

राजस्व तर्फ :

| शीर्षक | गत बर्षको लगत बाँकी | असुली/दाखिला | बाँकी लगत | नगद बाँकी |
|---|---|---|---|---|
| १ | ० | १,५०,००० | ० | १५,००० |

धरौटी तर्फ :

| गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | फिर्ता रु | सदरस्याहा रु | बाँकी रु |
|---|---|---|---|---|---|
| १,०४,७२१ | १,६६,६२६ | २,७१,३४७ | ० | ० | २,७१,३४७ |

| नाम | गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | खर्च रु | बाँकी रु |
|---|---|---|---|---|---|
| 1 | ९८,२२५ | ३,५०,००० | ४,४८,२२५ | ३,५०,००० | ९८,२२५ |

| | नम्बर | मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>प्रदेशको नीति निर्माण र योजना तर्जुमा प्रकृयालाई वैज्ञानिक, पारदर्शी तथा विश्वसनिय बनाउन गण्डकी प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७८ जारी गरी नीति तथा योजना आयोग गठन गरेको छ । दीर्घकालीन नीति तथा योजना तर्जुमा गर्ने प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन गर्ने, संघ, प्रदेश र स्थानीय तहको विकास सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने, प्रादेशिक नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने आयोगको उद्देश्य रहेको छ । निति तथा योजना आयोगको कार्यक्षेत्र गण्डकी प्रदेशका ११ जिल्लाहरु साथै गण्डकी प्रदेश अन्तर्गत १ महानगरपालिका २६ नगरपालिका ५८ गाँउपालिका गरी ८५ स्थानीय तह रहेका छन । | |
| २ | | | **लेखापरीक्षण**<br>उल्लेखित कारोवार समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, मन्त्रालयले पेश गरेको आर्थिक विवरण, जिन्सी निरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, व्यवस्थापन प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २075 को दफा ४ र लेखापरीक्षण अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनका आधारमा एक एक गरी, विच विचमा छड्के गरी वा केही प्रतिशतमात्र नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार अनुरुप जोखिममा आधारीत योजना अनुसार लेखापरीक्षण सम्पन्न गरि प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनिय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>गण्डकी प्रदेशको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० बमोजिम कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी प्रभावकारी नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानुन बमोजिम कार्य सम्पादन गर्न आ आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । आयोगले यस किसिमको कार्यविधि बनाएको छैन जसबाट आयोगबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्विनीय बनाउन समस्या परेको स्थिति रहेको छ। आन्तरिक नियन्त्रण सम्बन्धी अन्य व्यहोराहरु देहाय बमोजिम उल्लेख छ ।<br>¨ आयोगको उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान तथा सोको निराकरण गरेको छैन,<br>¨ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>¨ निजामति सेवा ऐन, २०४९ को दफा ५ वमोजिम कर्मचारीको पदको कार्यविवरण वनाई लागू नगरेको<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ। | |

| क्रम | भाैचर नम्बर | भाैचर मिति | बिषय | बरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४ | | | **आयोगबाट सम्पादीत मुख्य मुख्य कार्यहरुः**<br>गण्डकी प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची ३ को ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने र नियम २७ मा प्रगति विवरण प्राप्त भएपछि भौतिक र वित्तिय पक्षको समिक्षा गरी प्रगति कम हुनु र लक्ष्य हासिल हुन नसक्नुका कारण र जिम्मेवार व्यक्तिको पहिचान गरि सुधारका लागि कदम चाल्नुपर्ने र जिम्मेवार व्यक्तिउपर कारवाही गर्नुपर्ने उल्लेख गरेको छ। आयोगले आफ्नो काम कारवाही गर्दा लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ । आयोगबाट उपलव्ध गराईएको वार्षिक प्रगति विवरण अनुसार आयोगबाट आ.व. 207८/7९ मा सम्पादित कार्यहरु निम्नानुसार छनः<br>• प्रथम पञ्चवर्षिय योजनाको मध्यावधि समिक्षा<br>• मध्यकालिन खर्च संरचना,<br>• गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९ -२०८७<br>• गण्डकी प्रदेशको राजश्व सम्भावना तथा व्यवस्थापन अध्ययन<br>• प्रदेश आयोजना वैक दिग्दर्शन २०७९ | |
| ५ | | | **कर्मचारी दरबन्दी र पदपूर्तिः**<br>दरबन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति हुनुपर्दछ । आयोगबांट उपलव्ध गराईएको कर्मचारी दरबन्दी विवरण अनुसार कुल दरबन्दी २३ जना रहेकोमा १६ जना पदपूर्ति भई ७ जना रिक्त भएको पाईयो । रिक्त अधिकृतस्तर दशौं तह १ जना, अधिकृत स्तर आठौ १, अर्थशास्त्री रा.प. तृतिय १ समाजशास्त्री रा.प. तृतिय १, कम्प्युटर इन्जिनियर अधिकृत स्तर १ जना, साहायक स्तर पाचौ र चौथो १।१ जना समेत ७ जना रिक्त रहेको पाईयो । दरबन्दी अनुसारका कर्मचारी पदपूर्ति नहुंदा आयोगबाट संचालित कार्यक्रम तथा सेवा प्रवाहमा कठीनाई हुन जाने देखिन्छ । अतः दरबन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति गर्ने तर्फ सम्बन्धीत निकायले ध्यान पुर्याउनु पर्दछ । | |

<table>
<tr><th></th><th>नम्बर</th><th>मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६</td><td></td><td></td><td>

**बजेट खर्च र कार्यान्वयनः**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि ३ बमोजिमको ढाचामा चौमासिक प्रगति विवरण तयार गरी पठाउनु पर्ने र सोही नियमावली को नियम २७ मा चौमासिक विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वितिय पक्षको सामूहिक समिक्षा गरी प्रगति कम भएको र लक्ष्य हासिल हुन नसक्नुका कारण र सो का निम्ति जिम्मेवार व्यक्ति पहिचान गरी सुधारका कदमहरु चाल्नु पर्ने र जिम्मेवार व्यक्ति उपर कार्वाही गर्नु पर्ने व्यवस्था उल्लेख छ। आयोगले पेश गरेको प्रगति विवरण अनुसार समग्रमा ७०.५२ प्रतिशत वित्तिय प्रगति हासिल गरेको देखिन्छ । वार्षिक बजेट अनुसार कार्यान्वयन दक्षता बढाउनुपर्दछ ।

<table>
<tr><th rowspan="2">कार्यक्रम</th><th colspan="3">वित्तीय प्रगति (रु.हजारमा)</th></tr>
<tr><th>बजेट</th><th>खर्च</th><th>प्रतिशत</th></tr>
<tr><td>चालु</td><td>२८७३३</td><td>१९४५८</td><td>५४.५३</td></tr>
<tr><td>पूजिगत</td><td>७४९९</td><td>६०९१</td><td>८१.२२</td></tr>
<tr><td>जम्मा</td><td>३६२३२</td><td>२५५४९</td><td>७०.५२</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **प्रतिवेदन कार्यान्वयनः**<br>प्रदेश सरकारले आर्थिक वर्ष 2078/79 को बजेटमा प्रदेश नीति तथा योजना आयोगको लागी विभिन्न क्षेत्रमा बजेटको व्यवस्था गरेको छ । प्रदेशले कृषि, पर्यटन, बन, वातारण, शिक्षा, स्वास्थ्य, लगायतका विभिन्न विषयगत अध्ययन, अनुसन्धान, सर्वेक्षण कार्यक्रममा खर्च गरेको छ । तपसिलको ९ विषयमा अध्ययन, अनुसन्धान, सर्वेक्षण कार्यमा रु.३५८५१७४।०० खर्च भएको छ । अध्ययन अनुसन्धानबाट तयार गरिएको प्रतिवेदनको पूर्ण रुपमा कार्यान्वयन भएको पाईएन। प्रतिवेदनको कार्यान्वयनबाट उत्पादन र उत्पादकत्वमा सकारात्मक बृद्धि हुने, थप आय तथा रोजगारीका अवसरहरु बृद्धि हुने, गरिबी न्यूनिकरणमा सघाउ पुग्ने र समृद्ध प्रदेश निर्माणमा आधारशिला खडा हुने कुरामा विस्वस्त हुन सकिएन। उपलब्धि विहिन कार्यमा गरिने खर्चमा नियन्त्रण गरिनुका साथै अध्ययन, अनुसन्धान, सर्वेक्षण बाट प्राप्त प्रतिवेदनको कार्यान्वयन गरिनुपर्दछ । | |

| सि.नं. | विषय | परामर्शदाता | रकम |
|---|---|---|---|
| १ | श्री कृष्णगण्डकी नदी क्षेत्र विकासको निम्ती पुर्व संभाव्यता अध्ययन | कार्यदलमार्फत गरिएको | ९३६००० |
| २ | गण्डकी प्रदेशको राजश्व सम्भावना तथा व्यवस्थापन अध्ययन | त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र विभाग | १९४९१७४ |
| ३ | दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र | शुशासन तथा विकास अनुसन्धान केन्द्र काठमाण्डौं | ७००००० |
| | जम्मा | | ३५८५१७४ |

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **मध्यकालिन खर्च संरचना निर्माण सम्बन्धि देखिएको व्यहोराः**<br>प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ५ को उपदफा १ अनुसार प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको खर्च संरचना तयार गर्दा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्ने व्यवस्था छ।आर्थिक वर्ष २०७७।७८ मा ०७८।०७९ को लागि बजेट प्रक्षेपण रु ३८ अर्ब ३२करोड ६३ लाख गरेकोमा व्यय अनुमान रु ३१ अर्ब ३५ करोड २८ लाख भएकोमा खर्च रु २२ अर्ब ४ करोड ३९ लाख मात्र खर्च गरेको छ। ०७७।७८ मा ०७९।८० को लागि रु ४२ अर्ब १५ करोड ९० लाख ०७८।७९ मा ०७९।८० को लागि रु ३१ अर्ब ५५ करोड ९५ लाख प्रक्षेपण गरेकोमा ०७९।८० को लागि व्यय अनुमान रु ३५ अर्ब ९० करोड ९० लाख गरेको देखिन्छ।यसरी दुई वटा मध्यकालिन खर्च संरचनाको विश्लेषण गर्दा एकै वर्षको वजेट प्रक्षेपणमा ठुलो मात्रामा अन्तर रहेको तथा वजेट प्रक्षेपण, वजेट अनुमान र वास्तविक खर्चमा ठुलो अन्तर (घट्दो बजेट प्रक्षेपण तथा बढ्दो व्यय अनुमान) देखिएकोले प्रदेश पञ्चवर्षिय योजनाकोले अनुमान गरेको आर्थिक वृद्धिदर तथा गरिवी निवारण लगायतका लक्ष्य हासिल हुन कठिन हुने अवस्था देखिन्छ।आयोगले यस सम्वन्धमा हालसम्म कुनै पनि अध्ययन अनुसन्धान गरेको समेत देखिदैन। यसरी पञ्चवर्षिय योजना, मध्यमकालिन खर्च संरचना र वार्षिक योजनाबीच तादम्यता कायम गर्ने, प्राथमिकतामा परेका आयोजनाको लागि स्रोत साधनको सुनिश्चितता गर्नु र विषयगत मन्त्रालय तथा निकायका बजेट बाँडफाँडलाई वस्तुपरक र यथार्थपरक बनाउनु यसको उद्देश्य रहेकोमा माथि उल्लेखित घट्दो बजेट प्रक्षेपण तथा बढ्दो व्यय अनुमानले सो विषयलाई आत्मसात गरेको देखिदैन । आयोगले पञ्चवर्षिय योजनाका लक्ष्य हासिल गर्ने गरी मध्यकालिन खर्च संरचना तयार गर्नुपर्दछ। | |

| क्र. सं. | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **निर्णय कार्यान्वयनको अवस्थाः**<br>प्रदेश तथा स्थानीय तह अनुगमन तथा मुल्यांकन दिग्दर्शन २०७७ को परिच्छेद २ मा गण्डकी प्रदेशका विकास नीति योजना कार्यक्रम तथा आयोजना कार्यान्वयनको प्रगती समिक्षा समस्याको समाधान तथा नीतिगत विषयमा काम गर्नको लागि अनुगमन तथा मुल्यांकन सम्वन्धि सर्वोच्च संयन्त्रका रुपमा मुख्यमन्त्रीको संयोजकत्वकोमा एक प्रदेश विकास समस्या समाधान समिती रहने तथा उक्त समितीको वैठक प्रत्येक चौमासिकमा एक पटक गरी ३ पटक वस्ने, विभिन्न तहवाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वयनको अनुगमन समेत गर्ने व्यवस्था रहेकोमा यस वर्ष २ पटक समितीको वैठक वसि विभिन्न निर्णय गरेकोमा देहायवमोजिमका प्रमुख निर्णयहरु कार्यान्वयन भएको देखिदैन।कार्यालयले निर्णय कार्यान्वयनको अवस्थाको अनुगमन मुल्यांकन गरी आयोगवाट भएका निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ | |

| क्र. सं. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. | साविकका कृषि कार्यालयहरु जस्तै भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको कार्यालय मनाङको शसस्त्र प्रहरीले, बाग्लुङको नगरपालिकाले, पर्वतको जिल्ला प्रशासन कार्यालयले र मुस्ताङको कालीगण्डकी करिडोर निर्माण आयोजनाले प्रयोग गरिरहेको हुनाले सम्वन्धित निकायसँग सहजीकरण गरी प्रदेश अन्तर्गत स्थापना भएका कृषि कार्यालयहरुला ्इ हस्तान्तरण गर्ने व्यवस्था मिलाउने। | हालसम्म हस्तान्तरण नभएको |
| २. | सिंचाइ कार्यालय कास्कीको स्वामित्वमा रहेको जग्गा अतिक्रमण गरी विभिन्न व्यक्ति समुदाय र संघ संस्थाबाट निर्माण गरिएका संरचनाले जग्गा अतिक्रमणमा परेकोमा अतिक्रमित जग्गाको विस्तृत लगत तयार गरी जग्गा फिर्ता ल्याउन आवश्यक कानूनी प्रक्रिया तत्कालै प्रारम्भ गर्ने निर्णय गरियो। | लगत तयार नभएको |
| ३. | प्रदेशको आफ्नै प्रशासनिक भवन नभएकोले प्रदेशको आफ्नै प्रशासनिक भवन निर्माणको लागि आवश्यक प्रक्रिया प्रारम्भ गर्ने | जग्गा प्राप्ती नभएकोले निर्णय कार्यान्वयन हुन नसकेको |
| ४. | यातायात व्यवस्था कार्यलयहरुमा प्रयोग हुने सफ्टवयर प्रणाली पटक पटक डाउन हुने र यसको सञ्चालन गर्ने अधिकार संघीय सरकार मातहत रहेकोले काम गर्न असहजता भएकोले संघीय मन्त्रालयबाट केन्द्रीय सफ्टवेयरमा प्रदेश पोर्टल तयार गर्ने वा प्रदेशको छुट्टै सफ्टवयर तयार गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया सुरु गर्ने। | हालसम्म संघिय सरकारको सफ्टवेयरवाट सेवा प्रवाह भएको |

| प्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बरुजु रकम |
|---|---|---|---|---|---|
| | | | ५. केही जिल्लामा मात्र भूसंरक्षण कार्यालय रहँदा यससँग सम्बन्धित सेवा लिन नागरिकले अन्य जिल्लामा जानुपरेको र सम्बन्धित कार्यालयले पनि प्रभावकारी सेवा दिन नसकेकोले मौजुदा संगठन संरचनाबाट भूसंरक्षणसँग सम्बन्धित सेवा प्रवाहलाई सहज र सरलीकृत बनाउने उपयुक्त विधि पहिचान गर्नका लागि आवश्यक अध्ययन गर्ने निर्णय गरियो। | हालसम्म २ जिल्लावाट नै ११ जिल्लाको सेवाप्रवाह हुदै आएको, थप अध्ययन तथा कार्यालय विस्तार नभएको | |
| | | | ६. प्रदेशमा एकीकृत तथ्याङ्क प्रणाली विकास नहुदा नीति निर्माण योजना तर्जुमा र निर्णय प्रभावकारी हुन नसकेको र विषयगत मन्त्रालयहरुबाट आफ्ना विषय क्षेत्रगत तथ्याङ्क हरु व्यवस्थपान गर्ने फोकल पर्सन / शाखा तोकेर तथ्याङ्क व्यवस्थापन गर्ने । प्रदेशको तथ्याङ्क एकीकृत गर्ने प्रणालीको विकास यथाशिघ्र गर्ने निर्णय गरियो । | हालसम्म कार्यान्वियन नभएको | |
| | | | ७. प्रदेश औधोगिक क्षेत्र निर्माण सम्बन्धमा 2078/07/17 का दिन कास्की जिल्ला र तनहुँ जिल्लाको सिमानामा पर्ने प्रदेश औधोगिक क्षेत्रको दुवै जिल्ला तर्फको स्थालमा माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कडेलको उपस्थितिमा सरोकारवाला सरकारी निकायका प्रमुखहरु स्थानीय निकायका प्रमुख तथा स्थानीय बासीहरु सहितको क्षेत्रको स्थलगत रुपमा जग्गा प्राप्ति लगायतका विषयहरुमा छलफल भइ कार्य अगाडी बढाउन सम्बन्धित वडाका अध्यक्षको अध्यक्षतामा मन्त्रालय र सरोकारवाला कार्यलयको प्रतिनिधित्व हुनेगरी समिति गठन गर्ने निर्णय गरेको । नवलपुरको लोकाहा खोला र कास्की तनहुँ सिमानामा रहेको पूडिटारमा प्रदेश स्तरीय औधोगिक क्षेत्र निर्माण कार्य अगाडी बढाउन विभिन्न निकाय निर्माणस्थल र गठित समितिलाई समन्वय र सहजीकरण गर्नका लागि हालै मन्त्रालयस्तरीय कार्यदल गठन भएको | हालसम्म जग्गा प्राप्ति नभएको | |
| १० | | | **अनुगमन तथा मुल्यांकन**<br>- प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य संचालन आदेश २०७८ को परिच्छेद २ को दफा ८ को (ख) को अनुगमन तथा मूल्यांकनमा प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वियन प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई प्रदेश सरकारका विभिन्न निकायहरुमा लागु गरी संस्थागत गराउने व्यवस्था रहेको छ।आयोगका कर्मचारी तथा पदाधिकारीहरुले यस आ व मा प्रदेश गौरवका योजना तथा अन्य विभिन्न आयोजनाहरुमा अनुगमन तथा मुल्याकंन गरिएको भनी अनुगमन तथा मुल्यांकन शीर्षकमा रु.१०५००००।०० खर्च लेखेकोमा अनुगमन गरिएका कामहरुको यथार्थ अवस्था देखिने गरी कुनै पनि प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयले अनुगमन तथा मुल्यांकन गरेका योजना तथा आयोजनाको अनुगमन तथा मुल्यांकन पश्चाच योजनाहरुको यथार्थ अवस्था झल्कने गरी प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने देखिन्छ । | | |

| क्रम | भाचर नम्बर | भाचर मिति | बिषय | बरुजु रकम |
|---|---|---|---|---|

**दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्थाः**

**अवस्थाः** संयुक्त राष्ट्र सङ्घको महासभाले विश्व रुपान्तरणको आकाङ्क्षा लिएर सन् २०१६ देखि २०३० (वि.सं २०७२ देखि २०८७) सम्मका लागि घोषणा गरेको दिगो विकास लक्ष्यलाई नेपालले आत्मासात गरेको छ। तदनुरुप दिगो विकास लक्ष्यलाई संघिय तथा प्रदेशको आवधिक योजनामा अङ्गीकार गरिएको छ।दिगो विकास लक्ष्यअन्तर्गत १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३४ वटा सूचकहरू छन् । गण्डकी प्रदेश सरकारले प्रथम पञ्चवर्षीय योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरुलाई पनि समेट्ने प्रयास गरेको देखिन्छ । गण्डकी प्रदेशको आवधिक योजनामा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गरि देहायवमोजिम परिमाणात्मक लक्ष्यहरु तोकिएकोमा हालसम्मको उपलव्धि निम्नानुसार रहेको छ।

| क्र.सं. | सूचक | २०७८।७९ सम्मको उपलब्धि | २०८०/८१ को लक्ष्य |
|---|---|---|---|
| १ | मानव विकास विकास सूचकाङ्क | ०.६ | 0.65 |
| २ | प्रत्यक्ष लैंङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | ५६ | 70 |
| ३ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार (%) | ६५ | 83 |
| ४ | पाँच वर्षमुनिका कम तौल भएका बालबालिका (%) | 11 | 8 |
| ५ | पाँच वर्षमुनिका बालबालिकामा दुब्लोपना (%) | 4 | १ |
| ६ | पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपना (%) | २४. | 17.3 |
| ७ | पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता (%) | ३५ | 10 |
| ८ | बहुआयामिक गरीबी सूचकाङ्क वास्तविक गणना अनुपात (%) | ९.६ | 7.3 |
| ९ | ३० मिनेटको पैदल यात्रामा बजारको केन्द्रसम्म पहुँच भएका परिवार (कुल जनसंख्याको प्रतिशत) | ५० | 60 |
| १० | कुल उपभोगको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसंख्या (%) | ३४ | 17 |
| ११ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाइ सुविधा पुगेको भूमि (%) | १२.६७ | 15.3 |
| १२ | दक्ष प्रसुतिकर्मीहरुको सहयोगमा गराइएको जन्महरुको अनुपात (%) | ७५ | 80 |
| १३ | पाँचवर्षमुनिको बालमृत्युदर ( प्रतिहजार जीवित जन्ममा ) | २४ | 22 |
| १४ | कुल प्रजनन दर ( प्रति महिला शिशुजन्म ) | २ | 2.1 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १५ | अस्पताल/ स्वास्थ्य संस्थाहरुमा बच्चा जन्माउने (%) | ७५ | ८८ | |
| | | | १६ | घरबाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवारहरुको (%) | ६८ | 77.4 | |
| | | | १७ | आधारभूत तह (१-८) मा खुद भर्नादर (%) | ६० | 99 | |
| | | | १८ | माध्यमिक तह (९-१२) मा कुल भर्नादर (%) | ७९ | ९२ | |
| | | | १९ | प्रतिव्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | २६० | 400 | |
| | | | २० | शिशु मृत्युदर ( प्रतिहजार जीवित जन्ममा ) | २१ | 17 | |
| | | | २१ | विद्युतमा पहुँच पुगेको परिवार (%) | ९९.५ | 100 | |
| | | | २२ | आधारभूत खानेपानीमा पंहुँच पुगेको परिवार (%) | ९३.७४ | 100 | |
| | | | २३ | प्रादेशिक लोकमार्ग (कि.मी.) | १७५१ | 3450 | |
| | | | २४ | साक्षरता दर (पाँच वर्ष माथि %) | ८३ | 95 | |
| | | | २५ | १५ देखि २४ वर्षको साक्षरता दर (%) | ९७ | 99 | |
| | | | २६ | जलविद्युत उत्पादन जडित क्षमता (मेगाबाट) | ६८७ | 1500 | |
| | | | २७ | जनसंख्यामा लैंङ्गिक अनुपात | ९०.८५ | 96 | |
| | | | २८ | घरजग्गामा महिलाको एकल स्वामित्व भएका महिला (१५-४९ वर्ष) | २१ | 28 | |
| | | | २९ | प्रदेश व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | ३३.३ | 35 | |
| | | | ३० | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका (%) | ३ | 1 | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **प्रदेश विकास परिषद:**<br>प्रदेश सरकार प्रदेश नीति तथा योजना आयोगको गठन तथा कार्य संचालन आदेश २०७८ को दफा ९ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश विकास परिषद रहने एवं परिषदको वैठक नियमित रुपमा बस्नु पर्ने व्यवस्था रहेको छ। सोअनुसार प्रथम पञ्चवर्षिय योजनाको मध्यावधि समिक्षा गरी दिएको सुझावको कार्यान्वियन, मध्यकालिन खर्च संरचनाको यथार्थपरक तथा क्रमागतता, गण्डकी प्रदेशको दिगो विकास लक्ष्य स्थानीयकरण गर्ने कार्य, प्रदेशको राजश्व सम्भावना तथा व्यवस्थापन अध्ययन अनुसार राजश्व करको दायरा वढाउने तथा करको उचित दर निर्धारण गर्ने, संघीयता कार्यान्वियनमा प्रदेश तथा स्थानीय तहको उपलब्धिको समिक्षा तथा आगामि दिनमा सम्बन्धित निकायले गर्नुपर्ने जिम्मेवारी र कार्यहरु प्रदेश आयोजना वैक दिग्दर्शनलाई आधार मानी प्रदेश आयोजना वैकको स्थापना गरी आयोजना प्रभावकारीता विषयमा मन्त्रालय एवम निकायलाई नीतिगत विषयमा मार्गदर्शन तथा सोको कार्यान्वियनमा सहयोग पुर्याउनुपर्नेमा विकास परिषदको वैठक मिति २०७६।१२।०३ मा वसेपश्चात हालसम्म वैठक वस्न सकेको छैन।परिषदले नियमानुसार वैठक वसि आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन प्रदान गर्ने गर्नुपर्दछ। | |
| १३ | | | **प्रदेश विकास समस्या समाधान समितीको वैठकः**<br>प्रदेश तथा स्थानीय तह अनुगमन तथा मुल्यांकन दिग्दर्शन २०७७ को परिच्छेद २ मा गण्डकी प्रदेशका विकास नीति योजना कार्यक्रम तथा आयोजना कार्यान्वियनको प्रगती समिक्षा समस्याको समाधान तथा नीतिगत विषयमा काम गर्नको लागि अनुगमन तथा मुल्यांकन सम्वन्धि सर्वोच्च संयन्त्रका रुपमा मुख्यमन्त्रीको संयोजकत्वकोमा एक प्रदेश विकास समस्या समाधान समिती रहने तथा उक्त समितीको वैठक प्रत्येक चौमासिकमा एक पटक गरी ३ पटक वस्ने विभिन्न तहवाट प्राप्त समस्या समाधानका लागि आवश्यक निर्णय गर्ने र निर्णय कार्यान्वियनको अनुगमन समेत गर्ने व्यवस्था रहेको समितीको वैठक आर्थिक वर्ष २०७८।७९ मा २ पटक वसेको पाइयो।यस समितीले स्थानीय तहवाट समाधान गर्न सक्ने समस्याको समाधान प्रदेश सरकारले गर्नुपर्ने समाधान र संघीय सरकारले समाधान गर्नुपर्ने समस्या र समाधानका उपाय समेत खोजि गरि निर्णय गर्ने र सो निर्णयको कार्यान्वियनको अनुगमनको योजना समेत वनाएर कार्यान्वियन गर्ने गर्दछ।यस वर्ष समितीको वैठकवाट कृषिका नयाँ स्थापना भएका प्रदेश कार्यालयहरुको भवनको स्वामित्व हस्तान्तरण, संघीय निजामती ऐन जारी गर्न संघीय सरकारसंग अनुरोध गर्ने, राजश्व वाँडफाँडको विद्यमान निर्माण कार्यको लागि सिप भएका श्रमिकको अभाव भएको स्वास्थ्य सुचकहरुको खस्कदो अवस्था लगायत २१ वटा समस्याहरुको समाधान गर्ने तथा ८ वटा निर्णय राष्ट्रिय समस्या समाधान समितीमा पेश गर्ने निर्णय भएकोमा आशिंक रुपमा मात्र कार्यान्वियन भएको पाइयो ।समितीवाट भएको निर्णयहरु तत्काल कार्यान्वियन गर्ने गराउनेतर्फ सम्वन्धित निकायावट ध्यान दिनुपर्दछ। | |
| १४ | | | **आयोगको पुर्ण वैठकः**<br>गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन आदेश २०७८ को दफा ६ मा आयोगको वैठक वर्षको कम्तीमा तीन पटक वस्ने व्यवस्था रहेको छ।आयोगको वैठकले प्रदेशको वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा र कार्यान्वियन, अनुगमन तथा मुल्यांकन, तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेशण समवन्धमा छलफल गरि सरकारलाई सिफारिस गर्नुपर्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०७८।७९ मा आयोगको वैठक एक पटक(२०७८ भदौ ११) मात्र वसेको देखिन्छ।कानुनमा नै कम्तिमा ३ पटक वैठक वस्ने तथा कार्य गर्ने गरी पदाधिकारी तथा सदस्यको सुविधा तोकिएको अवस्थामा एक पटक मात्र वैठक वसि सम्पुर्ण सेवा सुविधा भुक्तानी दिनु उचित देखिदैन।आयोगले कानुनमा तोकिएवमोजिम वैठक वसि आफ्नो कार्यसम्पादन गर्नुपर्दछ। | |

| क्र.सं | मांचर नम्बर | मांचर मिति | बिषय | बरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **प्रदेश एकिकृत तथ्यांक प्रणाली नभएको:**<br>गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन आदेश २०७८ को दफा ८ मा आयोगको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएको छ।जसअनुसार आयोगले वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मुल्यांकन, तहगत समन्वय, अध्ययन अनुसन्धान तथा अन्वेशण र राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड अनुकुल प्रदेश तथ्यांक प्रणालीको विकास र व्यवस्थापन गर्ने गराउने जस्ता कार्यहरु कानुनमा नै व्यवस्था गरि अधिकार तथा जिम्मेवारी प्रदान गरेको देखिन्छ।आयोगले हालसम्म प्रदेशको एकिकृत तथ्यांक व्यवस्थापनको लागि कुनै पनि संयन्त्र स्थापना गरेको छैन भने वार्षिक प्रतिवेदन तथा विभिन्न अनुसन्धानात्मक कार्यहरु केन्द्रिय तथ्यांक र मन्त्रालयवाट पटके रुपमा विवरण माग गरी तयार गर्ने गरेको देखिन्छ।विगत वर्षमा परामर्शदातावाट गण्डकी डाटा पोर्टल नामको एकिकृत तथ्यांक पोर्टल स्थापना गरेता पनि अद्यावधिक नभएको तथा सम्वन्धित मन्त्रालयवाट डाटा इन्ट्रि नहुँदा निस्क्रिय रहेको कार्यालयको भनाई रहेको छ। कार्यालयले एकिकृत तथ्यांक प्रणालीको विकास गरी विश्वसनिय तथा भरपर्दो तथ्यांकका आधारमा आफ्ना कामकारवाही अगाडी वढाउनुपर्ने देखिन्छ। | |